**मिति २०८३/०३/०५ मा बसेको ७३ औँ कार्यपालिका बैठकका निर्णयहरु :**

आज मिति २०८३।०३।०५ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री गणेशबहादुर के.सी.ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री गणेशबहादुर के.सी. | गाउँपालिका अध्यक्ष |
| २ | | श्री डोल्मामाया गोले | गाउँपालिका उपाध्यक्ष |
| ३ | | श्री रामप्रसाद घिमिरे | १ नं. वडा अध्यक्ष |
| ४ | | श्री देविमाया लामा | २ नं. वडा का वा अध्यक्ष |
| ५ | | श्री मनोजकुमार पराजुली | ३ नं. वडा अध्यक्ष |
| ६ | | श्री कृष्णप्रसाद तिमल्सिना | ४ नं. वडा अध्यक्ष |
| ७ | | श्री भूमिनन्द घिमिरे | ५ नं. वडा अध्यक्ष |
| ८ | | श्री विनोद चौरेल | ६ नं. वडा अध्यक्ष |
| ९ | | श्री मन्दिरा तिमल्सिना (घिमिरे) | कार्यपालिका सदस्य |
| १० | Renuka | श्री रेनुका सञ्जेल | कार्यपालिका सदस्य |
| ११ | Laxami | श्री लक्ष्मी सञ्जेल | कार्यपालिका सदस्य |
| १२ | | श्री गुप्तबहादुर ब्राह्मु | कार्यपालिका सदस्य |
| १३ | चित्र | श्री चित्रकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| १४ | | श्री सन्दिप न्यौपाने | सदस्य-सचिव |

**अन्य उपस्थिति:**

श्यामबहादुर खनाल, वरिष्ठ शाखा अधिकृत, अधिकृतस्तर आठौं

## मिति २०८३/०३/०५ मा बसेको ७३ औँ कार्यपालिका बैठकका निर्णयहरु :

### कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक सङ्ख्याः ७३ औं
अध्यक्षताः श्री गणेशबहादुर के.सी.
बैठक मितिः २०८३।०३।०५
बैठक स्थानः महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोटिखेल, ललितपुर।
बैठक समयः बिहान ८:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कै |
|---|---|---|---|---|
| २०८३।०१।२९ | ८:०० बजे | नीति तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा | | १ |
| २०८३।०१।२९ | ८:१५ बजे | उपभोक्ता अदालतको प्रतिउत्तर पेस गर्ने सम्बन्धमा | | २ |
| २०८३।०१।२९ | ८:२० बजे | जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा | | ३ |
| २०८३।०१।२९ | ८:३० बजे | वृत्तचित्रका लागि बजेट सम्बन्धमा | | ४ |
| २०८३।०१।२९ | ८:४० बजे | न्यायिक कार्यविधि सम्बन्धी ऐन संशोधन सम्बन्धमा | | ५ |
| २०८३।०१।२९ | ८:५० बजे | विविध | | ६ |

गणेश बहादुर के.सी.
अध्यक्ष

सन्दिप न्यौपाने
[illegible] अधिकृत

महाङ्काल गाउँपालिका
गाउँ कार्यपालिकाको
गोटिखेल, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

**मिति २०८३/०३/०५ मा बसेको ७३ औँ कार्यपालिका बैठकका निर्णयहरु :**

**बैठक निर्णयका सम्बन्धमा असहमतिको टिप्पणी**

**कार्यपालिकाको बैठक नं. ७३, मिति: २०८३।०३।०५**

**निर्णयको विषय:**

**निर्णयको विषयमा रहेको असहमति:**

**असहमति व्यक्त गर्ने पदाधिकारीको विवरण:**

**दस्तखत:**

**नाम:**

**पद:**

कुनै पनि तरहबाट असहमति पेश नभएको प्रमाणित गरिन्छ।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८३/०३/०५ मा बसेको ७३ औँ कार्यपालिका बैठकका निर्णयहरु :**

**पूर्व बैठकको समीक्षा**

मिति २०८३।०२।१८ मा बसेको ७२ औँ कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

**मिति २०८३।०३।०५ मा बसेको ७३ औँ कार्यपालिका बैठकका निर्णयहरु:**

**निर्णय नं.१:** आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि तय गरिएको नीति तथा कार्यक्रमलाई सर्वसहमतिले पारित गरी गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.२:** उपभोक्ता अदालतको प्रतिउत्तर पेस गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारीनामा प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.३:** भूमि प्रशासन कार्यालयबाट पेश भइ आएको महाङ्काल गाउँपालिकाभरिको जग्गाको न्यूनतम मूल्याङ्कनलाई यथावत रुपमा कायम गर्ने गरी सर्वसहमतिले पारित गर्ने निर्णय गरियो।

**निर्णय नं.४:** वृत्तचित्रका लागि अध्यक्षसँग फुटकर कार्यक्रम (चालु) बाट बेहोर्ने गरी बढीमा १,००,०००/- (अक्षरेपि एक लाख रुपैयाँ मात्र) निर्माण गर्ने सर्वसहमतिले गर्ने निर्णय गरियो।

**निर्णय नं.५:** महाङ्काल गाउपालिका न्यायिक समिति (कार्यविधि) सम्बन्धी ऐन, २०७४ को पेश भएको प्रथम संशोधन स्वीकृत गरी गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.६:** क) नकुल पहिरो नियन्त्रण निर्माण कार्यका लागि गोटिखेल बजारक्षेत्र खोला नियन्त्रण तथा बस्ती व्यवस्थापन शीर्षकबाट बेहोर्ने गरी बढीमा ८,००,०००/- (अक्षरेपि आठ लाख रुपैयाँ मात्र) भित्र निर्माण गर्ने सर्वसहमतिले निर्णय गरियो।

ख) वडा नं.४ को चन्द्रप्रसाद घिमिरेको घर पछाडि वाल निर्माण कार्यका लागि अध्यक्षसँग फुटकर कार्यक्रम (पूँजिगत) शीर्षकबाट बेहोर्ने गरी बढीमा १,५०,०००/- (अक्षरेपि एक लाख पचास हजार रुपैयाँ मात्र) भित्र निर्माण गर्ने सर्वसहमतिले निर्णय गरियो।

ग) कोसिनडोल खोला नजिकको ढलानमा प्लम वाल निर्माण कार्यका लागि अध्यक्षसँग फुटकर कार्यक्रम (पूँजिगत) शीर्षकबाट बेहोर्ने गरी बढीमा ५०,०००/- (अक्षरेपि पचास हजार रुपैयाँ मात्र) भित्र निर्माण गर्ने सर्वसहमतिले निर्णय गरियो।

घ) वडा नं.३ निवासी बुद्ध बहादुर थोकर (ना.प्र.नं. ९३७०) लाई दैनिक ज्यालादारीमा Watch-Man को रुपमा खटाउने गरी (पारिश्रमिक कार्यालय सहयोगी प्रथमस्तर सरह) मिति २०८३।०२।२२ गतेको गाउँ कार्यपालिकाको कार्यालयको निर्णयलाई सर्वसहमतिले अनुमोदन गर्ने निर्णय गरियो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर थोकर
अध्यक्ष